सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालमा सञ्चालन हुने हार्ट सर्जरीको काममा प्रयोग गर्न उक्त अस्पतालको लागि सिडनी एड्मेन्टिष्ट अस्पतालबाट आउने अष्ट्रेलियन हार्ट सर्जरी टीमले प्रदान गर्ने औषधिहरूको पैठारीमा लाग्ने भन्सार महशूल र विक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव

मुद्रण विभाग, सिंहदरबार

892
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।